बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

कार्यविधि नं. ..
कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०२।२८

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

बेनी नगरपालिका

BENI MUNICIPALITY

वेनी नगरपालिका

# घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८०

वेनी नगरपालिका

वेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

सुरत के.सी.
प्रमुख

# वेनी नगरपालिका

# घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :** नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम वेनी नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन पाउने घर बहाल करको करदाता पहिचान, कर मूल्यांकन, कर निर्धारण र कर असुली कार्यलाई सरल, पारदर्शी र व्यवस्थित बनाइ वेनी नगरपालिकाको आन्तरिक स्रोत परिचालनमा प्रभावकारीता ल्याउने विषयमा आवश्यक व्यबस्था गर्न बाञ्छनीय भएकोले, वेनी नगरपालिकाको मिति २०८०।०२।२८ को बैठकले नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १३ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "घरजग्गा बहाल कर व्यबस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि वेनी नगरपालिका क्षेत्रभर लागू हुनेछ र यस कानून बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कार्यविधि २०८० साल साउन १ गते देखी लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) **"कर"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम घर जग्गा बहाल बापतको आयमा वेनी नगरपालिकाको आर्थिक ऐनले तोकेको दरमा लाग्ने बहाल कर सम्झनु पर्छ र यो शब्दले प्रचलित कानून बमोजिम बहाल करको अतिरिक्त सोमा लाग्ने व्याज, हर्जाना, शुल्क वा जरिवाना समेतलाई जनाउँछ ।

ग) **"कर अधिकृत"** भन्नाले वेनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त गरेको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीलाई समेत जनाउँछ ।

घ) **"करदाता"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिलाई सम्झनु पर्छ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

ङ) **"कार्यविधि"** भन्नाले घर बहाल कर व्यबस्थापन कार्यविधि, २०८० सम्झनु पर्छ ।

च) **"कार्यालय"** भन्नाले वेनी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले वेनी नगरपालिकाको संगठन संरचनामा रहेको शाखा/उपशाखा, वडा कार्यालय वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाइ समेतलाई जनाउँछ ।

छ) **"नगरपालिका"** भन्नाले वेनी नगरपालिका सम्झनु पर्छ ।

ज) **"घर जग्गा"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम बहाल कर लाग्ने कुनै व्यक्तिको स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरीलाई सम्झनु पर्छ ।

झ) **"बहाल"** भन्नाले कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको वेनी नगरपालिका क्षेत्रभित्रको घर जग्गा निश्चित अवधीका लागि पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न दिएवापत प्राप्त गर्ने भाडा, बहाल, लिज वा पट्टा रकम समेतलाई सम्झनु पर्छ ।

ञ) **"वडा कार्यालय"** भन्नाले वेनी नगरपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## करदाताको पहिचान र दर्ता सम्बन्धी व्यवस्था

३. **करदाताको पहिचान :** (१) यस कार्यविधिको प्रयोजनका लागि वेनी नगरपालिका क्षेत्रभित्र आफ्नो स्वामित्वमा रहेको घर वा जग्गा पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न दिएवापत भाडा, बहाल, लिज वा पट्टा रकम प्राप्त गर्ने व्यक्ति वा निजको प्रतिनिधि करदाता हुनेछ ।

तर, मुनाफाको उद्देश्य नराखी संचालन हुने विद्यालय, मन्दिर, पुस्तकालय, क्लब, सामुदायिक संस्था, सरकारी निकाय आदिले आफ्नो स्वामित्वको घर वा जग्गा भाडामा दिएकोमा यस कार्यविधि बमोजिम कर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्ति समेत ऐन र यस कार्यविधि बमोजिम करदाता मानिनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिनेछैन ।



सुरत के.सी.
नगर प्रमुख

(४) कार्यालयले ऐन र यस कार्यविधि बमोजिम करदाताको पहिचान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम करदाता पहिचान गर्दा करदाताले पेश गरेको विवरण, स्थलगत सर्बेक्षण वा अन्य जुनसूकै स्रोतबाट प्राप्त सूचनाको आधारमा गर्न सकिनेछ ।

४. **करदाता दर्ता :** (१) करदाताले आफ्नो घर जग्गा बहाल सम्बन्धी दफा ७ बमोजिमको विवरण खुलाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) करदाताले बुझाएको विवरणमाथि कार्यालयले आवश्यक थप अनुसन्धान तथा छानविन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम करदाताको विवरण संकलन गरेसंगै कार्यालयले प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी ब्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले वेनी नगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था गर्न सकिनेछ ।

५. **कर बुझाउने दायित्व :** (१) ऐन र यस कार्यविधि बमोजिम घर जग्गा बहाल कर बुझाउने दायित्व घर जग्गा बहालमा लगाउने व्यक्ति वा निजको प्रतिनिधीको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि घर जग्गा बहालमा लिने व्यक्ति, संस्था वा निकाय स्वयम्ले कर बुझाउने गरी घर जग्गा धनीसंग संझौता भएको अवस्थामा घरधनीलाई बहाल रकम भुक्तानी गर्दाकै अवस्थामा बहाल कर बापतको रकम कट्टा गरी कार्यालयमा बुझाउने दायित्व सम्बन्धित बहालमा बस्ने व्यक्ति, संस्था वा निकायको हुनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल रकम कट्टा गरी कार्यालयमा बुझाउनु पर्ने दायित्व भएको व्यक्ति, संस्था वा निकायले त्यसरी कर कट्टा नगरेको वा कट्टा गरी नबुझाएको कारणले मात्र घर जग्गा बहालमा लगाउने व्यक्तिले कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउनेछैन ।

(४) बहालमा लगाइएको कुनै घर जग्गाको सम्बन्धमा उपदफा (१) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर रहेछ भने कर बुझाउने दायित्व सबैको समान हुनेछ र उनीहरुमध्ये आपसी सहमतीको जुनसुकै व्यक्तिले कर बुझाउन सक्नेछ ।

तर, सबै करदाताबाट दामासाहीले भाग गरी कर असुल गरिने छैन ।

(५) ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउन पर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिर्नुपर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मानो नछुटिई एउटै भान्सा प्रयोग गर्ने एकासगोलको परिवारले आफ्नो एकलौटी हक रहने गरी संचालन गरेको व्यबसायले उपयोग गरेको घर वा जग्गामा बहाल कर लगाइने छैन ।

तर, त्यस्तो व्यबसाय संचालन गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरिने विवरणमा घर जग्गा बहाल तिरेको भनी खर्च देखाइएको रहेछ भने यस उपदफा बमोजिमको कर छुट पाइने छैन ।



सुरत के.सी.
नगर प्रमुख

(७) ऐन र यस कार्यविधि बमोजिम आफुलाई करदाताको रुपमा दर्ता गराउने, तोकिएको समयमा विबरण पेश गर्ने, बुझाउनु पर्ने कर तथा शुल्क वा जरिवाना वा व्याज हर्जाना समयमै दाखिला गर्ने, कर अधिकृत वा कार्यालयले माग गरेको सूचना वा तथ्यांक समयमै उपलब्ध गराई सहयोग पुर्‍याउने दायित्व समेत करदाताको हुनेछ ।

६. **सम्झौता गर्नुपर्ने :** (१) कुनै व्यक्तिले घरजग्गा बहालमा लगाउँदा बहाल लिनेदिने घरजग्गाको विबरण सहित बहालको मासिक वा वार्षिक दर खुलाई कर तिर्ने दायित्व प्रष्ट किटान गरी **अनुसूची-१** बमोजिमको ढाँचामा बहाल सम्झौता गरिएको हुनुपर्नेछ । आवश्यकता अनुसार सम्झौताका बुदाहरु थप गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौता पत्र र त्यस्तो संझौताको नविकरण वा बहाल रकम लगायत सम्झौताका प्राबधानहरुमा गरिएको कुनै परिवर्तन वा पुरक सम्झौता वा म्याद समाप्त नभई बीचैमा सम्झौता रद्द भएको अवस्थामा समेत सोको जानकारी करदाताले पैतिस दिन भित्र सम्वन्धित वडा कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उल्लिखित ढाँचामा सम्झौता नभएको कारणबाट वा सम्झौतामा खुलाउनु पर्ने सबै व्यहोरा नखुलाई सम्झौता गरिएको कारणबाट तथा उपदफा (२) बमोजिम संझौताको जानकारी नदिएको कारणले मात्र ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएको कुनैपनि करदाताले करतिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

## परिच्छेद ३

## विबरण दाखिला सम्बन्धी व्यबस्था

७. **विबरण दाखिला गर्ने :** (१) घर जग्गा बहालमा दिने व्यक्तिले बहालमा दिएको मितिले पैतिस दिनभित्र बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, बहालमा बस्नेको आधिकारिक विवरण सहित संलग्न गरी **अनुसूची-२** बमोजिमको ढाँचाको विवरण सम्वन्धीत वडा कार्यालयमा दाखिला गर्नुपर्छ ।

तर, दफा ३ को उपदफा (२) बमोजिमको अवस्थामा यस दफा बमोजिम विबरण दाखिला गर्दा धनीपूर्जा पेश गर्न अनिवार्य हुनेछैन ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगावै घर जग्गा बहालमा दिएका करदातालाई कार्यालयले पैतिस दिनभित्र यस कार्यविधि बमोजिम विवरण दाखिला गर्न **अनुसूची-३** बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएकोमा करदाताले उपदफा (१) मा उल्लेख भए बमोजिमको ढाँचामा विबरण पेश गर्नुपर्नेछ ।



सुरेन्द्र के.सी.
नगर प्रमुख

तर, कुनै करदाताले यसअघि विबरण पेश गरिसकेको रहेछ भने नपुग विबरण मात्र पेश गरे पुग्नेछ ।

(४) उपदफा (२) बमोजिम बिवरण दाखिला सम्बन्धी सूचनालाई कार्यालयले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत अन्य उपयुक्त संचार माध्यमद्वारा प्रचार प्रसारको व्यबस्था मिलाउन सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले विवरण दाखिला नगरेमा वा बिवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली तीस दिनभित्र बिवरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(६) उपदफा (२) बमोजिम तोकिएको वा उपदफा (५) बमोजिम आदेश भएको म्यादभित्र विबरण दाखिला गर्न नसक्ने व्यक्तिले आधार र कारण खोली म्याद थपको लागि निबेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्म म्याद थप गरिदिन सक्नेछ ।

८. **विबरण सच्याउन सकिने :** (१) यस कार्यविधि बमोजिम विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको दुइ महिना भित्र  सम्वन्धित वडा कार्यालयमा पुन निवेदन पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर आवश्यक जाँचबुझ वा स्थलगत जाँचबुझ गरि व्यहोरा मनासिव देखिएमा वडाअध्यक्षले निर्णय गरि तीस दिन भित्र विवरण सच्याउन स्वीकृत दिन सक्नेछ ।

९. **लगत कट्टा गर्नु पर्ने :** (१)वहालमा वसेको कुनै व्यक्ति/संस्था/कार्यालयले सम्झौता अवधि अगावै घर/सटर/कोठा/जग्गा खालि भएमा घरधनि वा निजले तोकेको व्यक्तीले एक महिना भित्र सम्वन्धित वडा कार्यालयमा अनुसूची ६ बमोजिमको निवेदन दिई वहालकर लगत कट्टा गर्नु पर्नेछ ।

## परिच्छेद ४

## करको दर निर्धारण सम्बन्धी व्यवस्था

१०. **बहाल करको दर :** (१) वेनी नगरपालिका क्षेत्रभित्र यस कार्यविधि बमोजिम लगाइने बहाल करको दर वेनी नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(२) वेनी नगरपालिकाले करको दर निर्धारण गर्दा सिमान्त करदाताको हितलाई ध्यानमा राखी प्रगतिशील करको दर लागू गर्न सक्नेछ ।

११. **बहालको न्यूनतम् दररेट निर्धारण :** (१) यस कार्यविधि बमोजिम लगाउने बहाल करको प्रयोजनको लागि करदाताले पेश गरेको बिवरण र बहाल संझौतामा उल्लिखित रकमलाई आधार मानी कर निर्धारण गरिनेछ ।



सुरत के.सी.
नगर प्रमुख

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले पेश गरेको बिवरणमा उल्लिखित बहाल रकम वेनी नगरपालिकाद्वारा तोकिएको न्यूनतम दरभन्दा कम भएको खण्डमा उपदफा (३) बमोजिम वेनी नगरपालिकाले निर्धारण गरेको न्यूनतम बहालदरका आधारमा कर निर्धारण गरिनेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि वेनी नगरपालिकाले कार्यपालिकाको निर्णय बमोजिम आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व, शहरी सेवा सुविधा र घरजग्गा बहालको प्रयोजन समेतका आधारमा बर्गीकरण गरी घरजग्गा बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम घर जग्गाको न्यूनतम बहाल रकम निर्धारण गरी सिफारिश गर्न कार्यपालिकाले तपसिल बमोजिमको मुल्यांकन समिति गठन गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| • उत्तम कुमार कर्मचार्य | वडा अध्यक्ष वडा नं. ८ | संयोजक |
| • रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| • चक बहादुर के.सी. | वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| • अण बहादुर खड्का | वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| • याम बहादुर कार्की | वडा अध्यक्ष वडा नं २ | सदस्य |
| • सृजना श्रेष्ठ | कार्यपालिका सदस्य वेनी न पा | सदस्य |
| • राजश्व शाखा प्रमुख | वेनी न पा | सदस्य सचिव |

## परिच्छेद ५

## कर निर्धारण तथा सोको सूचना

१२. **कर निर्धारण :** १) यस कार्यविधि बमोजिम घर, जग्गा वहालमा दिने व्यक्तीले घर बहालमा दिएको विस्तृत विवरण नगरपालिकाले तोकेको ढाँचामा खुलाइ घर वहाल निर्धारण प्रयोजनका लागि वडा कार्यालयमा पेश गर्नु पर्ने छ ।

(२) यस कार्यविधि बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा उल्लिखित बहाल रकम दफा ११ बमोजिम कायम गरिएको न्यूनतम रकमभन्दा कम भएको अवस्थामा कर अधिकृतले वेनी नगरपालिकाले तोकेको न्यूनतम बहाल रकमको आधारमा प्रारम्भिक कर निर्धारण गरी सोको सूचना करदातालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको प्रारम्भिक कर निर्धारणमा चित्त नबुझ्ने करदाताले प्रारम्भिक कर निर्धारणको सूचना पाएको ३५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा प्रमाण सहित आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

४) उपदफा ३ वमोजिम करदाताबाट स्पष्टीकरण पेश गरेकोमा सो समेतलाइ आधार मानी १५ दिन भित्र वडा कार्यालयले करदाताको निवेदनमा उल्लेखित व्यहोरा निजको भनाइ स्थलगत अध्ययन वा अवलोकन समेतबाट देखिएको तथ्य प्रमाणको आधारमा कर निर्धारण गर्न वडासमितिले कर अधिकृतलाइ निर्देशन दिनुपर्नेछ ।

सुरत के.सी.
नगर प्रमुख

५) उपदफा ४ बमोजिमको निर्देशन वा वडा कार्यालय अन्तरगतको कर अधिकृतले निर्धारण गरेको वहाल कर निर्धारणमा चित्त नबुझे सात दिन भित्र करदाताले प्रमुख प्रशासकिय अधिकृत समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्ने छ ।

६) उपदफा ५ वमोजिम पेस भएको करदाताको निवेदन उपर आधार र कारण समेत खुलाइ प्रमुख प्रशासकिय अधिकृतले आदेश गरी पन्ध्र दिन भित्र कर निर्धारण गर्नु पर्नेछ ।

१३. **कर निर्धारणको सूचना :** (१) दफा ११ बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपछि करदाताले बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर बुझाउनु पर्नेछ ।

## परिच्छेद ६

## कर दाखिला र कर असूली सम्बन्धी व्यवस्था

१४. **कर दाखिला गर्नुपर्ने :** (१) करदाताले यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक बर्ष भित्र दाखिला गर्नु पर्नेछ ।

(२ल ) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले चाहेमा चालु आर्थिक वर्षको कर तोकेको बैंक खातामा मासिक वा चौमासिक वा अर्धवार्षिक रुपमा समेत दाखिला गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) कार्यालयले यस कार्यविधि बमोजिम करदाताले तिर्नुपर्ने कर रकम विद्युतीय माध्यमबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

१५. **अग्रिम कर बुझाएमा छुट पाउन सक्ने :** कुनै करदाताले तिर्नु बुझाउनु पर्ने कर रकम अग्रिम रुपमा दाखिला गर्न चाहेमा वेनी नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दरमा छुट पाउन सक्नेछ ।

१६. **कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस कार्यविधि बमोजिम बुझाउनु पर्ने कर रकम दाखिला गरेपछि कार्यालयले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

१७. **कर असूली सम्बन्धी व्यवस्था :** कर असूली गर्दा सूचना प्रविधिको प्रयोग गरि सफ्टवयर प्रणालीमा प्रविष्टी गरि असूली गर्ने व्यवस्था मिलाउनु पर्नेछ । प्रचलित कानून र यस कार्यविधि बमोजिम तिर्नु बुझाउनु पर्ने कर वापतको रकम करदाताले यस कार्यविधिमा तोकिएको अवधीमा दाखिला नगरेमा वेनी नगरपालिकाको आर्थीक ऐनमा तोकिए बमोजिम हर्जाना सहित कर असूल गर्नुका साथै त्यस्ता करदातालाई कार्यालयको सेवा सुविधा रोक्का गर्ने,सम्पत्ती रोक्का



सुरत के.सी.
नगर प्रमुख

गर्ने र वैंक खाता वन्द गर्ने कार्य गरी असुली गर्न बाँकी रकम नगरपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

तर कुनै करदाताको वहालमा लगाएको सम्पत्ती भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा वा वहालमा बसेको व्यक्ति वहाल नतिरी भागी गै प्रहरीको रोहवरमा निजको बन्दकोठा वडा कार्यालयबाट खोल्नु पर्ने अवस्था आएमा प्राप्त निवेदनका आधारमा कार्यदलबाट जाँजबुझ गरी प्रमाणित भएमा सो क्षतिभएको जग्गा संरचनाको वहालकर रकम र वहाल नतिरेको समयको वहाल कर कार्यपालिकाले मिनाहा दिन सक्नेछ ।

१८. **बहाल कर दर्ता किताब** : १) यस कार्यविधि बमोजिम दाखिला र असुली भएको कर तथा वक्यौता करको बिवरण स्पष्ट रुपमा खुलाई अनुसूची-४ बमोजिमको बहाल कर दर्ता किताबमा लगत राख्ने जिम्मेवारी कर अधिकृतको हुनेछ । दर्ता किताबमा आवश्यकता अनुसार विवरण थप गरि अभिलेख व्यवस्थापनलाइ थप प्रभावकारी बनाउन सकिनेछ ।

## परिच्छेद ७

## विविध

१९. **पुन: कर निर्धारण गर्न सकिने :** (१) ऐन र यस कार्यविधि बमोजिम कर निर्धारण गरिसकेको भएता पनि दफा ११ बमोजिम तोकिएको न्यूनतम घरजग्गा बहाल दरभन्दा करदाताले बहालमा लगाएको घरजग्गाको वास्तविक बहाल दर घटी भएको भन्ने विश्वसनीय आधार पेश हुन आएमा पुन: कर निर्धारण गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्यायोजित अधिकारको प्रयोग गर्ने कर अधिकृतले ऐन र यस कार्यविधि बमोजिम निर्धारण गर्नुपर्ने कर रकम घटाएको मान्नु पर्ने यथेष्ट र मनासिव कारण देखिएमा प्रमुख प्रशासकीय अधिकृतले र प्रमुख प्रशासकीय अधिकृत स्वयंलेनै कर निर्धारण गरेको अवस्थामा अध्यक्ष/प्रमुखले पुन: कर निर्धारणको आदेश दिन सक्नेछ ।

२०. **कर पुनरावलोकन गर्न सकिने:** (१) यस कार्यविधि बमोजिम कर निर्धारणको निर्णयमा चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष कर पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर पुनरावलोकनको लागि निवेदन दिंदा आवश्यक तथ्य प्रमाण सहित निर्धारण भएको कर रकमको पचास प्रतिशतले हुन आउने रकम बराबरको रकम धरौटी समेत निवेदन साथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर पुनरावलोकनका लागि परेको निबेदनमाथि साठ्ठी दिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ ।



सुरत के.सी.
नगर प्रमुख

२१. **उजुरी नलाग्ने :** यस कार्यविधि बमोजिम कर पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुर लाग्ने छैन ।

२२. **पुनरावेदन दिन सक्ने :** यस कार्यविधि बमोजिम पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले साठी दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

२३. **कर पुस्तिका जारी गर्न सक्ने :** (१) करदाताको सहजताका लागि वेनी नगरपालिकाले कर असुली सम्बन्धी विबरण समावेश भएको **अनुसूची ५** बमोजिमको कर पुस्तिका जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर पुस्तिका जारी भएपछि प्रत्येक पटक कर दाखिला गरेको विवरण करदाताले स्वयम्ले उक्त पुस्तिकामा प्रविष्ट गर्न सक्नेछ ।

(३) करदाताले प्रत्येक वर्षको असार मसान्त सम्ममा कर पुस्तिका कर अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

२४. **कागजातहरु गोप्य रहने :** प्रचलित कानून र यस कार्यविधि बमोजिम कार्यालयमा पेश भएका करसँग सम्बन्धित कागजातहरु गोप्य राखिनेछ र त्यस्ता कागजातहरु कर सम्बन्धी कारवाई बाहेक अन्य प्रयोजनका लागि उपयोग गरिने छैन ।

तर, प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले माग गरेको अवस्थामा कागजात उपलब्ध गराउन यस व्यबस्थाले बाधा परेको मानिने छैन ।

२५. **वाधा अड्काउ फुकाउने अधिकार :** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

२६. **बचाउ :** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

सुरत कै.सी.
नगर प्रमुख

परिच्छेद ८

## घर बहालसम्बन्धी विवाद निरूपण

**२७.घर बहालसम्बन्धी विवादको दर्ता** : (१) घर बहालमा लिने/दिनेसम्बन्धमा सम्बद्ध पक्ष वा पक्षहरूको बिचमा उत्पन्न विवाद सम्बन्धित वडा कार्यालयमा दर्ता हुने छ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुन पेस भएको उजुरी वा निवेदनको ढाँचा, हकदैया, हदम्याद, क्षेत्राधिकार, मागदाबी, उजुरीमा प्रयुक्त भएको भाषा, बेहोरा, दस्तुर, अन्य रीत आदिको जाँच गरी वडासचिवले उजुरीलाई दर्ता गर्न मनासिब देखिए दर्ता गर्ने र दर्ता गर्न नमिल्ने देखिए कारण खुलाई दरपीठ गर्ने छ ।

(३) उपदफा (२) बमोजिमको उजुरी दर्ता भएमा उजुरी दिने व्यक्तिलाई तारिखमा राखी विपक्षीलाई सात दिनभित्र लिखित जबाफसहित उपस्थित हुन म्याद जारी गर्ने छ । आफ्नो काबुबाहिरको परिस्थिति परेमा पक्षले एक पटकका लागि बढीमा सात दिनसम्मको म्याद तथा तारिख थाम्न/थमाउन सक्ने छ ।

(४) उजुरी दर्ता, म्याद तामेली, तारिख सम्बन्धी व्यवस्था, लिखित जवाफ दर्ता, दस्तुर आदि चालु वर्षको आर्थिक ऐनले तोकेबमोजिम हुने छ ।

**२८. मेलमिलापको लागि प्रोत्साहन गर्ने :** (१) वडामा दर्ता भएको घर बहालसम्बन्धी विवादमा दुबै पक्ष उपस्थित भएपछि वडासचिवले मेलमिलाप गर्न वडा मेलमिलाप केन्द्रमा प्रेषित गर्नुपर्ने छ ।

(२) वडा महिला सञ्जाल सञ्चालन समितिले उपदफा (१) बमोजिम मेलमिलाप प्रक्रियामा रहेको विवादको निरूपण छिटो-छरितो र मेलमिलापबाट सम्पादन गर्न गराउन सहजीकरण तथा आवश्यक समन्वय गर्ने छ ।

(३) वडामा सूचीकृत मेलमिलापकर्ताले घर बहाल विवादको बढीमा १५ दिनभित्रमा मेलमिलाप प्रक्रिया सम्पन्न गरी प्रतिवेदन पेस गर्नुपर्ने छ ।

**२९. घर खाली गराउन सक्ने :** (१) घर बहालमा दिने व्यक्तिले बहालमा लिने व्यक्तिबाट घर खाली गराउन चाहेमा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन दर्ता गर्नु अघि देहायको अवस्था भएको हुनुपर्ने छ :

(क) घर बहाल लिनदिन भएको बहाल सम्झौता वडा कार्यालयमा दर्ता गरी कम्तीमा तीन महिना अघिसम्म बहाल कर बुझाएको,

(ख) घर बहालमा लिने व्यक्ति कम्तीमा तीन महिना अघिदेखि बहाल नबुझाई बेपत्ता भएको र कम्तीमा तीन महिना अघिबाट बेपत्ता भएका बहालमा लिने व्यक्तिका नाममा कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना गरी बहाल बुझाउन तथा घर खाली गर्न घरधनीले सूचित गरेको वा निजको घर ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परे पनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा ।

(३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको अवस्था विद्यमान भएको प्रमाणसहित घरधनीले उपदफा (१) बमोजिमको निवेदन पेस गरेमा १५ दिनभित्र वडा कार्यालयमा उपस्थित हुनु भनी घर बहालमा लिने व्यक्तिलाई वडा कार्यालयले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना गर्ने छ । त्यस्तो सूचनाप्रकाशित गरेबापतको खर्च सम्बन्धित निवेदकले बेहोर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशित भएपछि घर बहालमा लिने व्यक्ति

सम्बन्धित वडा कार्यालयमा लिखित जवाफसहित उपस्थित हुनुपर्ने छ।

(५) उपदफा (४) बमोजिमको सूचनाले बहालमा लिने व्यक्ति वडा कार्यालयमा उपस्थित भएमा दुबै पक्षलाई १५ दिनभित्र मेलमिलाप प्रक्रिया गर्न वडाको मेलमिलाप केन्द्रमा पठाउने छ।

(६) घर बहालमा लिने व्यक्ति उपदफा (३) बमोजिमको सूचनाले तोकेको म्यादभित्र वडा कार्यालयमा उपस्थित नभएमा वडा कार्यालयले वडाका जनप्रतिनिधि, नेपाल प्रहरी तथा नगर प्रहरी बलको सहयोग र कम्तीमा तीन जना स्थानीय भद्रभलादमीको रोहवरमा बहालमा रहेको घर कोठा खोली फेला परेको मालसामानको मुचुल्का तयार गरी घरधनीको जिम्मामा मालसामान सुरक्षित रहने गरी घरकोठा खाली गरिदिनुपर्ने छ।

(७) उपदफा (२) बमोजिम बेपत्ता भएको घर बहालमा लिने व्यक्ति छ महिनाभित्र फर्की आएमा वा आफ्नो प्रतिनिधि पठाएमा बहाल रकम बुझाई आफ्नो मालसामान बुझी फिर्ता लैजान बहालमा लिनेदिनेको बिचमा आवश्यक समन्वय र सहजीकरण वडा कार्यालयले गर्नुपर्ने छ।

(८) घर बहाल विवादमा दुबै पक्ष वडा कार्यालयमा उपस्थित भएपश्चात् मेलमिलाप गर्न मेलमिलाप केन्द्रमा पठाइएकोमा मेलमिलापबाट विवाद निरूपण भएमा मेलमिलापकर्ताबाट मस्यौदा गरिएको कानुनबमोजिमको मिलापत्रको कागजलाई वडा अध्यक्षले प्रमाणित गरी वडा सचिवले अभिलेख अद्यावधिक गरी सोको एक प्रति न्यायिक समितिमा प्रेषित गर्नुपर्ने छ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप हुन नसकेमा मेलमिलापकर्ताको प्रतिवेदनसहित थप कारबाहीको लागि विवादका दुबै पक्षलाई तारिख तोकी सक्कलै मिसिल वडा कार्यालयले न्यायिक समितिसमक्ष प्रेषित गर्नुपर्ने छ।

**३० . प्रतिवेदन पेश गर्नुपर्ने :** वडा कार्यालयले आफ्नो वडामा घर बहाल विवाद समाधान गर्न दर्ता भएका उजुरी सङ्ख्या, मेलमिलाप प्रक्रियामा प्रेषित भएका विवादहरू, मेलमिलापबाट समाधान भएका विवादहरू, न्यायिक समितिमा प्रेषित भएका विवादहरू, घर कोठा खाली गराइएका सङ्ख्यागत विवरणहरूसमेत खुलाइएको मासिक प्रतिवेदन तोकिएको ढाँचामा न्यायिक समिति समक्ष पठाउनुपर्ने छ।

सुरत के.सी.
नगर प्रमुख

अनुसूची १
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

# बहाल सम्झौता-पत्र

...................................................र ..................................................को विचमा घर/जग्गा

बहालमा लिने/दिने सम्वन्धमा गरिएको सम्झौतापत्र

..............जिल्ला ....................न.पा. वडा नं......... स्थायी घर भइ हाल ................ निवासी श्री........ ..................को नाती .......................को छोरा .........................बस्ने वर्ष ............(यस पछी पहिलो पक्ष भनिने) र ........................ जिल्ला ....................गा.पा./न.पा. .......................निवासी ......................को ...................... नाति/नातिनी/वुहारी श्री.............................को छोरा/छोरी/श्रीमती ...................................बस्ने वर्ष ............को नागरिकता प्रमाणपत्र पत्र नं. ................भएको श्री.............................यसपछी दोस्रो पक्ष भनिनेका) विचमा वेनी न.पा.........मा रहेको.............................करदाता नं. को पहिलो पक्षको स्वामीत्वको भवन/घर/टहरा/घरको सटर/कोठा/ जग्गा भाडामा लिन दिनका लागि तपसिल बमोजिमका शर्तहरु सहित यो करार सम्झौता गरि एक एक प्रति लियौं दियौं ।

## तपशिल

१. पहिलो पक्षको हक तथा स्वामित्वमा रहेको म्याग्दी जिल्ला वेनी नगरपालिका वडा नं. ...... मा अवस्थित कि.न................को तपसिल बमोजिमको संरचना/ जग्गा वहालमा दिने र दोस्रो पक्षले वहालमा लिने उद्देश्यले यो सम्झौता गरिएको छ ।

२. प्रकरण नं. १ मा उल्लेखित घर बहालमा लिने र दिनेको विवरण यस प्रकार हुनेछ ।

- वहालमा दिइएको संरचना/जग्गाको विवरणः कि.न....... क्षे.फ. ..........
- वहालमा दिइएको संरचना विवरण : पक्कि / कच्ची
- वहालमा दिइएको संरचनाको विवरण : घर/टहरा/छाप्रो/खालीजग्गा
- वहालमा दिइएको संरचना/ खालि जग्गाको को ठेगाना :
- घर/ जग्गा वहालको प्रयोजन : आवसिय/व्यवसायी / कार्यालय अन्य
- घरको तला :
- वहालमा दिने घरको चार किल्ला :
- वहालमा दिइएको कुल क्षे.फ. :
- कोठा संख्या :



बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३
सुरत के.सी. नगर प्रमुख
सुरत के.सी. नगर प्रमुख

- सटर संख्या :
- मार्ग :
- वहाल वर्गीकरण संकेत नं
- घर नं. :

३. वहालमा लिने दिने ........................क्षेत्रफलमा जम्मा................ कोठाको रु...................... र .............सटर भएको रु.................... ले जम्मा रु.....................को घर/जग्गा वहाल रकम तोकिएको छ । दोस्रो पक्षले पहिलो पक्षलाई प्रत्येक महिनाको ७ गते भित्र अघील्लो महिनाको बहाल रकम बुझाउनु पर्ने छ ।बहाल रकम नगदै वा पहिलो पक्षले तोकेको बैंक खातामा जम्मा गरि दिनुपर्ने छ । नगदै बुझेमा पहिलो पक्षले बहाल बुझिलिएको भरपाई गरिदिनु पर्नेछ भने बैंक खातामा जम्मा गरेमा सोको भौचरको एक प्रति पहिलो पक्षलाई दोस्रो पक्षले उपलव्ध गराउनु पर्ने छ ।

४. यस सम्झौताको प्रकरण नम्वर नं. ३ बमोजिम दोस्रो पक्षले पहिलो पक्षलाई तिर्नु बुझाउनु पर्ने रक़म सोही प्रकरणमा उल्लेखित समय सिमाभित्र बुझाउनु पर्ने छ । म्याद भित्र बुझाउन नसकेमा ....... प्रतिशत जरिवाना नतिरी अर्को महिनाको मसान्त भित्र तिर्न/ बुझाउन सक्ने छ । तीन महिनाभित्र समेत घर/ जग्गा वहाल रकम नतिरे नबुझाए पहिलो पक्षले यो सम्झौता स्वत भंग भएको मानी घर खाली गराउने प्रकृया अघि बढाउन सक्ने छ ।

५. यो सम्झौता विपरित कार्य गरेमा पहिलो पक्षले वहाल बाट हट्न लिखित निर्देशन दिन सक्ने छ । यस्तो निर्देशन प्राप्त भए पछि दोस्रो पक्षले वहालबाट हट्नु पर्ने छ । दोस्रो पक्षले बहालमा लिएको घर छोड्नु पर्ने भएमा ३५ दिनको पुर्व लिखित सूचना पहिलो पक्षलाई दिइ घर वहाल सम्झौता भंग गर्न सक्ने छ । जुन पक्षबाट सम्झौता भंग गर्ने प्रकृया प्रारम्भ गरेको भएपनि सो सम्बद्ध कागजात सहित वडा कार्यालयलाई लिखित जानकारी गराउनु पर्ने छ ।

६. वेनी नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने बहाल कर पहिलो पक्षको नामबाट दोस्रो पक्षले बुझाई सो रकम बहाल रकमबाट कट्टा गरि कर तिरेको रसिद सहित पहिलो पक्षलाई बहाल रकम भुक्तानी गर्नु पर्ने छ ।

७. घर वहाल रकम प्रत्येक .......... वर्षमा ........................प्रतिशतका दरले वृद्धी हुने छ । तर प्रत्येक दुइ वर्षमा अधिकतम १० प्रतिशत भन्दा बढी रकम बढ्ने छैन ।

८. व्यवसाय कर,पानी, विजुली, टेलिफोन तथा फोहोरमैला व्यवस्थापन वापत तिर्नु/ बुझाउनु पर्ने कर दस्तुरको दायित्व दोस्रो पक्षको हुने छ ।

९. यो सम्झौताको अवधी ........................ वर्षको हुनेछ । दुवै पक्षको सहमतीमा सम्झौताको म्याद थप गर्न सकिने छ ।



सुरत के.सी.
नगर प्रमुख

१०. दोस्रो पक्षको कारण वहालमा लिदाको भवनको अवस्थामा कुनै टुटफुट भएमा भत्केमा वा मर्मत सम्भार गर्नु पर्ने भएमा मर्मत सम्भार गर्ने र पूर्वत वा चालु अवस्थामा राख्नु दोस्रो पक्षको दायित्व हुने छ । बहाल सम्झौता समाप्त भए पश्चात घर पूर्ववत अवस्थामा फिर्ता गर्नु पर्ने छ ।

११. यो सम्झौताको मिति ........................ बाट लागु हुने छ । सम्झौताको यथार्थ परिपालना गर्नु/ गराउनु दुवै पक्षको कर्तव्य हुने छ । सम्झौता कार्यान्वयनको क्रममा कुनै विवाद भएमा आपसी छलफल तथा सहमतीबाट विवादको निरुपण गरिने छ । सहमतीबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम सम्वद्ध वडा कार्यालयमा उजुरी पेश गर्न सकिने छ ।

१२. बहालमा लिने घरको बिमा पहिलो पक्षले गर्नु पर्ने छ । दोस्रो पक्षले बिमा गर्ने हो भने प्रिमियम बापतको रकम वहाल रकमबाट कट्टा गरि पहिलो पक्षलाई बहाल रकम बुझाउन सकिने छ ।

१३. घर जग्गा बहालमा लिने र दिने पक्षहरुको पूरा नाम र ठेगाना, नागरिकता नं., राष्ट्रिय परिचयपत्र नम्वर, मोवाइल नम्वर र विदेश भए राहदानी वा परिचय पत्र खुल्ने प्रमाण पत्र, इमेल ठेगाना, करदाता संकेत नम्वर समेत उल्लेख गर्नु पर्नेछ ।

१४. यस सम्झौतामा उल्लेख नभएको सर्त बन्देज अन्य दायित्व वेनी नगरपालिकाको घर जग्गा वहाल कर कार्यविधि २०८० बमोजिम हुने छ ।

पहिलो पक्षको तर्फबाट
नाम :
कर दाता संकेत नंः.
फोन नंः .
इमेल :
दस्तखत :
मिति :

दोस्रो पक्षको तर्फबाट
प्रयोजन आवसिय/सँस्थागत/ व्यवसायीक आदी
कर दाता संकेत नंः.
व्यवसाय दर्ता नंः .
इमेल :
दस्तखत :
मिति :

साक्षीहरु
१.
२.
३.

इति संवत् २०.... साल .............महिना .............रोज शुभम् ।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

सुरत के.सी. नगर प्रमुख

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

# बहाल कर विवरण दाखिला निवेदन फाराम

श्रीमान् ..............................

..................वडा कार्यालय वेनी म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

मेरो/हाम्रो स्वामित्व/भोगचलनमा रहेको तपसिलमा उल्लेखित घर/जग्गा बहालमा रहेको हुँदा घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८० अनुसार तिर्नु बुझाउनु पर्ने बहाल कर प्रयोजनको लागि यो विवरण बुझाउन आएका छु/छौं । प्रचलित कानून बमोजिम कर निर्धारण गरी पाउन आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु/छौं । विवरण फरक ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

| | बहालमा रहेको घर जग्गाको विवरण | | | | घर /जग्गा रहेको कि.न. | बहालमा वस्नेको नाम | बहालको प्रयोजन | मासिक बहाल रकम | सम्झौता अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | सडक नाम | घर नं. | घर/सटर /कोठा वा जग्गाको विवरण | घर/सटर /कोठा संख्या | | | | | देखि | सम्म | |
| | | | | | | | | | | | |

कर बुझाउने तरिका: मासिक/चौमासिक/वार्षिक :..........................

**करदाताको (घरजग्गा धनीको) विवरण**

करदाता परिचयपत्र नं......................

करदाता को नाम:..............................

बाबुको नाम:...........................

बाजेको नाम:...............................

नागरिकता प्रमाण पत्र नं. र जारी जिल्ला:......................

ठेगाना:.......................................

सम्पर्क फोन :........................... इमोल: ......................................... मोवाईल : ......................................

**निवेदन गर्नेको नाम:........................................**

ठेगाना:...............................................................

मिति:...............................................................

जग्गाधनि सँगको नाता....................

दस्तखत: .............................................................



सुरत के.सी. नगर प्रमुख

**नोटः**

१) संलग्न गर्नुपर्ने कागजातहरु

क) घर जग्गाको स्वामित्व देखाउने कागजातको प्रतिलिपिहरु-१

ख) बहाल सम्झौताको प्रतिलिपिहरु-१

ग) बहालमा वस्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि-१

घ) करदाताको नागरिकताको प्रतिलिपि, संस्थागत करदाता भए दर्ता प्रमाणपत्र तथा मुख्यव्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१

**द्रष्टब्य :** दफा ३ को उपदफा (२) बमोजिमको अवस्थामा बिबरण दाखिला गर्दा माथि १ (क) बमोजिम घर जग्गाको स्वामित्व देखाउने कागजात पेश गर्न अनिवार्य हुनेछैन ।

सुरत के.सी.
नगर प्रमुख

अनुसूची ३
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)
वेनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वेनी म्याग्दी

## घरजग्गा बहाल सम्बन्धी विवरण पेशगर्ने बारेको अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८ ..।...।....**

यस वेनी नगरपालिकाले आर्थीक ऐन, २०८० बमोजिम आ.व. २०८०।०८१ देखि घरजग्गा बहाल कर लागू गरेको हुँदा वेनी नगरपालिका क्षेत्रभित्र आफ्नो निजि स्वामित्वमा रहेको वा स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न भाडा, बहाल, लिज वा पट्टामा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्तिसमेतलाई आफ्नो बहालमा दिएको घरजग्गा सम्बन्धी विवरण दाखिला गरी वेनी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

घरजग्गा बहाल सम्बन्धी विवरण दाखिला गर्ने फाराम वडा कार्यालयबाट यही २०८०..।...।.. गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २० ।......।... गतेभित्रसम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ ।

घरजग्गा बहाल सम्बन्धी विवरण पेश गर्दा बहालमा दिएको घर जग्गाको विबरण, बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, बहालमा बस्नेको आधिकारिक विवरण सहित तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ । विबरण पेश गर्ने ढाँचा नगर कार्यपालिकाको कार्यालयको वेभसाइट तथा सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

विवरण घरजग्गा धनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । गाउँ/नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने घरजग्गा धनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो बहालमा दिएको घरजग्गाको विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

सुरत के.सी.
नगर प्रमुख

बैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

अनुसूची-४

(दफा १८ को उपदफा १ सँग सम्बन्धित)

# बहाल कर दर्ता किताव

सुरत के.सी.
नगर प्रमुख

**रदाता/बहालमा दिनेको विवरण**

बहाल दिने करदताको नाम:

म्बर:

र्ता न.

लेखा नम्बर:

:

: गाउँपालिका/नगरपालिका:

सडकनाम:

:

नं.: मोवाईल न..:

| लमा दिएको घरजग्गाको विवरण | | | | | बहालमा बस्नेको नाम | बहालको प्रयोजन | वार्षिक । बहाल रु. | मासिक बहाल रु. | ...... प्रतिशतले हुन आउने कर रकम रु. | सम्झौता अवधि | जरिवाना, व्याज, शुल्क | बक्यौता रकम | जम्मा कर रकम | असुली विवरण | | | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ा | सडक नाम | घर नं. | कित्ता नं. | सटर /छाप्रा/ कोठा/ खाली जग्गा क्षे.फ. मा | | | | | | | | | | मिति | रसिद नं. | रकम | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |



सुरत के.सी.
नगर प्रमुख

अनुसूची-५
(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

# बहाल कर दाखिला विबरण पुस्तिका

करदताको नाम:
करदाता संकेत नम्बर:
ठेगाना :
वडा: सडक नाम: दर्ता नं
घर नं.:
फोन नं.: मोवाईल न.. इमेल ठेगाना:

| बहालको अवधी | | कर दाखिला विबरण | | | प्रमाणित गर्नेको | | बहाल अवधी | | कर दाखिला विबरण | | | प्रमाणित गर्नेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | महिना | रकम रु | दाखिला मिति | बैंकभौचर वा रसिद नं | दस्तखत | मिति | वर्ष | महिना | रकम रु | दाखिला मिति | बैंकभौचर वा रसिद नं | दस्तखत | मिति |
| २०७..... | श्रावण | | | | | | २०७..... | श्रावण | | | | | |
| २०७..... | भाद्र | | | | | | २०७..... | भाद्र | | | | | |
| २०७..... | आश्विन | | | | | | २०७..... | आश्विन | | | | | |
| २०७..... | कार्तिक | | | | | | २०७..... | कार्तिक | | | | | |
| २०७..... | मंसिर | | | | | | २०७..... | मंसिर | | | | | |
| २०७..... | पुष | | | | | | २०७..... | पुष | | | | | |
| २०७..... | माघ | | | | | | २०७..... | माघ | | | | | |
| २०७..... | फाल्गुण | | | | | | २०७..... | फाल्गुण | | | | | |
| २०७..... | चैत्र | | | | | | २०७..... | चैत्र | | | | | |
| २०७..... | बैशाख | | | | | | २०७..... | बैशाख | | | | | |
| २०७..... | जेठ | | | | | | २०७..... | जेठ | | | | | |
| २०७..... | आषाढ | | | | | | २०७..... | आषाढ | | | | | |

सुरत के.सी.
नगर प्रमुख

अनुसूची ६

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## घरजग्गा वहाल करको लगत कट्टा गर्ने सम्वन्धी निवेदन

मिति ..............................

श्री ............................... ज्यू

..............वडा कार्यालय,

.................., म्याग्दी ।

### विषय: वहाल करको लगत कट्टा गरि पाउँ ।

महोदय

प्रस्तुत विषयका सम्वन्धमा वेनी नगरपालिका वडा नं.... .स्थित श्री ...............घर/टहरा/जग्गाको वहाल कर सम्वन्धी यस पूर्व दिएको निवेदन अनुसार वेनी नगरपालिकाको कार्यलायबाट वहाल कर निर्धारण भएकोमा हाल सम्झौता रद्ध/ अन्य कारण................................................ भै घर/टहरा/जग्गा भाडामा छोडेकोले तहाँ कार्यालयमा कायम रहेको लगत कट्टा गरि पाउनका लागि एकल/संयुक्त रुपमा यो निवेदन पेश गरेको छु/ छौ ।

### तपशिल

क) वहालमा दिएको घर जग्गाको विवरण

| सि.न. | वहालमा दिएको घर/सटर/कोठा/जग्गाको विवरण तथा सँख्या | वहालमा लिने व्यक्ति/ सँस्थाको नाम | वहालको प्रयोजन | संरचना रहेको कि.न. | भाडा सम्झौता रद्ध भएको मिति | लगत कट्टा गर्नु पर्ने मासिक वहाल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

क) सम्पत्ती धनीको विवरण

घरजग्गाधनी/ संरक्षकको नाम थर :

नाता :

ठेगाना :

सम्पर्क नं.:

दस्तखत :

ख) भाडामा लिने व्यक्तीको विवरण

भाडामा लिने व्यक्ती / संरक्षकको नामथर :

नाता :

ठेगाना :

सम्पर्क नं.:

दस्तखत :

प्रमाणीकरण

सुरत के.सी.

नगर प्रमुख

प्रमाणीकरण मिति २०८० साल असार ३१ गते आइतवार